# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## दोधारा चादँनी
## नगरपालिका,कंचनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४१३ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
दोधारा चाँदनी नगरपालिका,
कंचनपुर ।

**कैफियत सहितको राय**

हामीले दोधारा चाँदनी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. ३ करोड २६ लाख ६२ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।११।१२ मा प्राप्त प्रतिक्रियाबाट रु.१४ लाख २८ हजार फस्र्योट भई असुल गर्नुपर्ने रु.१ लाख २८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५५ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४० लाख २५ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.२० करोड ४५ लाख ७५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२१ करोड ४३ लाख १९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## दोधारा चादँनी नगरपालिका, कंचनपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फस्योंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th></tr>
<tr><td>६१</td><td>४७</td><td>३२६६२</td><td>०</td><td>५</td><td>१४२८</td><td>६१</td><td>४२</td><td>३१२३४</td><td>१२८</td><td>१४०२५</td><td>५५५४</td><td>०</td><td>०</td><td>१९५७९</td><td>११५२६</td></tr>
</table>

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २०४५७५ | ० | २१४९० | १८३०८५ | ० | ३१२३४ | २१४३१९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दोधारा चाँदनी नगरपालिका, कंचनपुर , महाकाली नगरपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Datt Mishra | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yagya Raj Lekhak | २०७८-४-१ | |
| | | बेरुजु रकम | ३२,६६२,९८८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८,९०,७१,३७३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५,५६,१८,०९६ | चालु खर्च | २८,७४,२५,९४९ |
| प्रदेश सरकारबाट अनुदान | ३,७९,२८,३३९ | पूँजीगत खर्च | १८,७९,६२,८१३ |
| राजश्व बाँडफाँट | ७,५१,६७,७०७ | वित्तीय/अन्य व्यवस्था | १८,६९,७८,१६६ |
| आन्तरिक आय | १३,२३,९०,८८८ | | |
| अन्य आय | ५,४३,२६,१८५ | | |
| कुल आय | ६५,५४,३१,२१५ | कुल खर्च | ६६,२३,६६,९२८ |
| बाँकी मौज्दात | | ८,२१,३५,६६० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न महाकाली नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । दोधारा चाँदनी नगरपालिका अन्तर्गत १० वडा रहेका, ५५ सभा सदस्य, ५६.८४ व.कि.मी. क्षेत्रफल र ३९२५३ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१०।८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्। | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा कार्यालयले रु ५५७००.० मिति २०७८/१०/६ मा असुल गरी दाखिला गरेको छ। | |
| ४ | | | **बजेट तथा अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमला देवी कार्की ले मिति २०७७/०३/१० गते रु. ५४करोड ७५ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/०३/१० मा पारित भएको छ । त्यसै गरी नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई मिती २०७७/४/१ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैंक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्दछ। नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छ। | |

| सि नं | विवरण | श्रेस्ता अनुसार अन्तिम मौज्दात | बैंक अनुसार अन्तिम मौज्दात |
|---|---|---|---|
| 1 | संचित कोष | ५६४६९०१५.० | ४५७१२०१३.० |
| 2 | चालु खर्च खाता जोर वर्ष | ० | २३५६४९२२.० |
| 3 | पुँजिगत खर्च खाता जोर वर्ष | ० | ३९९५५७२२.० |
| 4 | धरौटी | १३२८७३६९.० | ११३२५८०९.० |
| 5 | विभाज्य कोष | ० | ० |
| 6 | स्थानीय तह विविध कोष | २२५०६५.० | २२५०६५.० |
| 7 | प्रकोप व्यवस्थापन कोष | | |
| 8 | आन्तरिक राजश्व खातामा | ० | ० |
| 9 | आन्तरिक अनुदान खाता | ० | ० |
| 10 | कर्मचारी कल्याण कोष | ५१५०१४४.० | ३६५०१४४.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेटमा बिनियोजन गरी कन्टिन्जेन्सी खर्च गरेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । नगरपालिकाले आ.व २०७७/७८ मा योजना कार्यान्वयनको क्रममा लागत अनुमानमा कन्टिन्जेन्सी खर्च छुट्याई सो बमोजिम रकम खर्च नगरी कुल विनियोजित बजेट रु ५४ करोड ७५ लाख ८ हजारमा कन्टिन्जेन्सी खर्च भनि रु ५६ लाख २७ हजार बिनियोजन गरी रु ५५ लाख ३६ हजार खर्च गरेको छ। योजना कार्यान्वयनको क्रममा हुने खर्चहरु भुक्तानी गर्न लागत अनुमानमा कन्टिजेन्सी खर्च स्वीकृत गरी खर्च गर्नु पर्नेमा, नियमावलीको व्यवस्था विपरीत बजेटमा बिनियोजन भई कन्टिजेन्सी बापत भुक्तानी भएको रु ५५३६०००.० नियमसम्मत नदेखिएको रु | ५,५३६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **खर्चको विश्लेषण**<br>नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१३२३९०८८, राजस्व बाँडफाँड र अनुदानबाट रु.६४२१९२१२७, धरौटी आय रु तथा गत बर्षको अल्या रु ८९०७१३७१ समेत रु ७४४५०२५८८ आम्दानी भएकोमा चालु तर्फ रु. ४२९४८११८१ र पूँजिगत तर्फ रु. २०६६८०४८० तथा संघ प्रदेश फिर्ता रु २०३४२५९१ र अन्य खर्च ५८६२६७५ समेत रु ६६२३७२९२७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ५४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७५.९ प्रतिशत रहेको छ । नगरलिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८ प्रतिशत चालु र ३१.२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिती**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गरेको छैन। | |
| ९ | | | **शिक्षा** | |
| ९.१ | | | शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः- | |

| सि.नं. | विद्यालयकोनाम | शिक्षकदरबन्दी | पदपूर्ति | पदपूर्तिमध्येकरार | विद्यार्थीसंख्या |
|---|---|---|---|---|---|
| १ | श्री शारदा सरस्वती मावि | २० | २० | | ११४८ |
| २ | श्रीमहाकाली आदर्श मावि | १४ | १४ | १ | ४२२ |
| ३ | श्री शंकरपार्वती मावि | १७ | १७ | | ६२० |
| ४ | श्रीपशुपती आवि | ८ | ८ | | १५० |
| ५ | श्री कालिका आवि | ८ | ८ | | १३२ |
| ६ | श्री पूर्णा आवि | १२ | १२ | | ४४७ |
| ७ | श्री गणेश आवि | ५ | ५ | | १४९ |
| ८ | श्रीपूर्णागिरी आवि चाँदनी | ५ | ५ | | ११४ |
| ९ | श्री जमुना आवि | ७ | ७ | | १६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १० | श्री मालिका आवि | ११ | ११ | १ | ३०२ | | |
| | | | | ११ | श्री भानु मावि | ३७ | ३६ | | ११०५ | | |
| | | | | १२ | श्री लक्ष्मी मावि | १७ | १६ | | ५९२ | | |
| | | | | १३ | श्री अम्विका मावि | २० | २० | | ११६६ | | |
| | | | | १४ | श्री राष्ट्रिय आवि | ११ | ११ | १ | ३१५ | | |
| | | | | १५ | श्री ओमकार आवि | ११ | १० | २ | ३७५ | | |
| | | | | १६ | श्री जनज्योती मावि | १२ | १२ | | ५७१ | | |
| | | | | १७ | श्री भैरव आवि | ५ | ३ | | १४ | | |
| | | | | १८ | श्री कमलशाआवि | ७ | ७ | | ९७ | | |
| | | | | १९ | श्री सृजना आवि | ८ | ८ | | २३५ | | |
| | | | | २० | श्रीपूर्णागिरी आवि | ७ | ७ | | १३९ | | |
| | | | | २१ | श्री हरिओम आवि | ५ | ३ | | ७३ | | |
| | | | | २२ | श्री नवयुग आवि | ४ | ४ | | १६० | | |
| | | | | | जम्मा | २५१ | २४४ | ५ | ८४९४ | | |
| ९.२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत सञ्चालित माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | | | | | | | | |
| ९.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन, मापदण्ड बमोजिम अनुगमन गरेको छैन, निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन, शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन, अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.४ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलायई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रन प्रणालि**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा, सो बमोजिम कार्यालयको देहाय बमोजिम अवस्था देखियो।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गरेको छैन।<br>• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरे छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• यस नगरपालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन। • कार्यालयले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको छैन भने वितरण भएको रसिदको रसिद नियन्त्रण तथा हस्तान्तरण नभएकोले नगदी रसिदको आधारमा राजस्व आम्दानी गरेको र सो बमोजिम रकम दाखिला गरेको यकिन गर्न सकिएन।<br>• नगरपालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको छैन। | |
| ११ | | | **कोभिड तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | आर्थिक वर्ष २०७७।७८ को कोभिड कोष तर्फको आय व्ययको विवरण देहायबमोजिम रहेको पाइयो । | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | ८१३६४५०।- | राहात वितरण | 0 |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १००००००००।- | आईशोलेसन क्वारेन्टिन केन्द्र निर्माण व्यवस्थापन | ९५३२५३२।- |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ४३५५६०९।- |
| संघीय कोभिड कोषबाट | १००००००।- | जनशक्ति परिचालन | २६७३१०२।- |
| अन्य स्रोतबाट प्राप्त | ५१५००।- | स्वास्थ्य पूर्वाधार निर्माण | 0 |
| गत वर्षको वचत | ५३४९०२९।६६ | गाडी भाडा, ईन्धन, मर्मत, ढुवानी | १५७३८९।- |
| | | अन्य शीर्षकमा भएको खर्च (क्वारेन्टाइन खाना खर्च तथा व्यवस्थापन | १०५९३३९।- |
| | | बाँकी | ६७५९००८।- |
| जम्मा | २४५३६९७९।- | जम्मा | २४५३६९७९।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको बिबरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले कोभिड-१९ रोकथाम तथा उपचार कोषको गत वर्षको भुक्तानी वाँकी रकम रु.७३४४६३०।- कार्यालय प्रमुखबाट मात्र प्रमाणित गराइ यस आर्थिक वर्षमा खर्च गरेको छ । नियमावलीले तोकेको प्रक्रिया पुरा गरेर मात्र खर्च लेख्नुपर्दछ । | |
| ११.३ | | | **कोभिड पूर्वतयारीः** महामारी फैलनसक्ने अबस्थालाई मध्यनजर राख्दै स्थानीय तहबाट सम्पादन गरिएको पूर्बतयारी सम्बन्धी कार्य अन्तर्गत औषधिजन्य सामाग्री खरीदमा ५४ लाख ७१ हजार, कोरोना क्वारेन्टाइनमा खाना नास्तामा २३ लाख ७४ हजार, जनशक्ति परिचानलन र हेल्थ डेस्क संचालनमा २१ लाख ७७ हजार, क्वारेन्टाइन व्यवस्थापनमा ९ लाख ७८ हजार र आइसोलेशन व्यवस्थापनमा ८५ लाख ९ हजार गरी जम्मा १ करोड ९५ लाख ११ हजार खर्च गरेको छ । | |
| ११.४ | | | **कोभिडमा औषधि खरीदः** पालिकाले कोभिड १९ रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य सामाग्री, औषधि उपकरण तथ कोभिड सामाग्री खरीदमा कुल रु. ३६ लाख ३ हजार खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.५ | | | **कोभिड डेडिकेटेड अस्पतालः** नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०७७।७८ मा एउटा कोभिड डेडिकेटेड अस्पताल निर्माण भएको छ । पालिका अन्तर्गत दोधारा स्वास्थ्य केन्द्रलाई कोभिड डेडिकेटेड अस्पतालको रुपमा विकास गरेको देखियो । यस अस्पतालमा ३ जना मेडिकल अफिसर, ४ जना स्टाफ नर्स, ४ जना अन्य नर्सिङ कर्मचारी, ३ जना लेवेरेटरी पर्सनल र ३ जना कार्यालय सहयोगी कार्यरत छन् । अस्पतालमा १ एम्बुलेन्स, १ आइसोलेशन केन्द्र अन्य सामाग्री रहेका छन् । | |
| ११.६ | | | **क्वारेन्टाइन व्यवस्थापनः** पालिकाले कोभिड जोखिमको समयमा २२ वटा सामुदायिक विद्यालय र १२ वटा संस्थागत विद्यालयलाई आइसोलेशन तथा होल्डिङ सेन्टरको रुपमा सञ्चालन गरेको छ । ३४ केन्द्रमा औषत ५० जना देखि १५० जनासम्म दैनिक वस्ने गरेकोमा अषाढ मसान्त सम्म ३३५० बसी रु. ८५०९१०३। खर्च भएको विवरण पेश भएको छ । | |
| १२ | | | **नगरपालिका प्रोफाईल**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको छैन। | |
| १३ | | | **सूचना प्रणालि नियन्त्रण पद्धति**<br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन।<br>• सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको छैन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन।<br>• सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन। | |
| १४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले यस वर्ष त्यस्ता सुविधा कार्यविभि बेगर १८८ जनालाई रु ९३७५००/- प्रदान गरेको छ । कार्यालयले कार्याविधि निर्माण गरेर त्यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **सवारी साधन तथा मेशिनरीको अभिलेख**<br>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएकोमा कार्यालयले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गरेको छैन। कार्यालयमा कुल सवारी साधनमा २३ मोटरसाईकल, १ टिपर,१ ड्रोजर,१ ट्रयाक्टर, २ स्कुटर,९ साईकल र १ दमकल रहेकोमा सोको प्रयोगको लगबुक अद्यावधिक नभएकोले ईन्धन तथा मर्मतमा खर्च भएको रकम वास्तविक भएको यकिन गर्न सकिएन। साथै कार्यालयले म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>योजना छनौट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १०-50 लाख सम्म</td><td>50 लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>२५९</td><td>९०</td><td>८२</td><td>३७</td><td>३९</td><td>४</td><td>५११</td></tr>
</table>
उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा २५९ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ९० वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावीत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>करदाताको अभिलेख<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२घ) मा गाँउपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ। सो अनुसार नगरपालिकाले राजस्वको आधार विस्तार तथा प्रवर्द्धनको लागी प्रयास गरी राजस्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाईएन। साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ राजस्वको दायरा फराकिलो पर्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>राजस्व अभिलेख<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>गुणस्तर परीक्षण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले आपूर्ति गरिएको मालसामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षणबिन स्वीकार भएको निर्माण कार्य तथा आपूर्ति गरिएका मालसामानबाट स्रोतको अधिकतम उपयोग भएकोमा आस्वस्त हनु सकिएन।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सार्वजनिक सुनुवाई<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयबाट संचालित कतिपय योजनाहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण भएको छैन। योजनाको निर्माण सम्पन्न भएपश्चात्त सार्वजनिक सुनुवाई तथा सार्वजनि परीक्षण गरिनुपर्दछ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **भ्रमण तथा भ्रमण अभिलेख**<br>भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणको वातावरणका आधारमा देहाय बमोजमिको अवस्था देखियो।<br><br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको छैन। भ्रमण अभिलेख नहुँदा भ्रमणमा खर्च भएको प्रयोजन तथा भ्रमण प्रयोजन पुष्टि हुँदैन।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उद्देश्य बमोजिम वास्तविक भएको हो होईन यकिन गर्न सकिएन। | |
| २२ | | | **केन्द्रिय अनुदान र आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ६२२८७३०३८.० ; आन्तरिक आय: १३२३९०८८.० ; आन्तरिक आय प्रतिशत: २.१२<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले गाँउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फध्यान दिनुपर्ने देखिन्छ । | |
| २३ | | | **रसिद नियन्त्रण खाता**<br>नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । | |
| २४ | | | **राजस्व दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले हालसम्म ४ निर्देशिका, १० कार्यविधि, २ ऐन,१ विधेयक र १ मापदण्ड बनाएको छ । नगरपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन। नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वियन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । | |
| २६ | | | **न्याय सम्पादनको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा गत आ.व. को १ र यस वर्ष परेको २० उजुरी गरी कुल २१ उजुरीमध्ये २० फर्छयौट भई एउटा उजुरीको कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । | |
| २७ | | | **आयको अनुमान तथा वास्तविक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३ करोड ७६ लाख २ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु. १ करोड ३२ लाख ९० हजार अर्थात् अनुमान भन्दा ६४.६ प्रतिशत कम आय प्राप्त गरेको छ । नगरपालिकाले आर्थिक ऐनमा तोकेको वार्षिक सवारी कर, व्यवसाय कर, मनोरञ्जन कर, शैक्षिक संस्थाबाट लिईनुपर्ने शिक्षा सेवाको कर आदी स्रोतहरु पहिचान गरेतापनी राजस्व आम्दानि गरेको छैन साथै आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २८ | | | **उपभोक्ताद्वारा हेभि ईक्विपमेन्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाबाट सहमति लिएको पाइएन । | |
| २९ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गरी कार्यालयले योजना कार्यान्वियन गरेको छैन। | |
| ३० | | | **योजना हस्तान्तरण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **बजेट अबण्डा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले स्वास्थ्य, कृषि तथा पशु कार्यक्रम तथा कन्टिन्जेन्सी बापत बजेटमा जनाई यो बर्ष रु २ करोड ८१ लाख २७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितीको निर्णयबाट चालुतर्फको स्वास्थ्य, कृषि तथा पशु कार्यक्रम तथा कन्टिन्जेन्सी शीर्षकमा रु २ करोड ८१ लाख २७ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ३२ | | | **रकमान्तर**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। दोधारा चाँदनी नगरपालिकाको विनियोजन ऐन, २०७७/७८ मा रकमान्तर सम्बन्धि प्रावधान रहेको छैन। यस नगरपालिकामा कार्यपालिकाको निर्णय बमोजिम विभिन्न शिर्षकमागरी कुल रु ३ करोड ३० लाख २० हजार अर्थात् कुल बजेटको ६ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । नगरपालिकाको विनियोजन ऐनमा व्यवस्थाबिना आर्थिक वर्षको लागी तोकिएको शिर्षकमा विनियोजित बजेटको शत प्रतिशतसम्म रकमान्तर वा योजना संशोधन गर्ने र सो निर्णयलाई नगरसभाबाट अनुमोदन गर्ने कार्यले बजेटरी नियन्त्रण कायम हुने देखिँदैन भने वित्तीय सुशासनको पालना भएको मान्न सकिएन। | |
| ३३ | | | **बेरुजुको लगत**<br>कायालयले बेरुजु लगत तथा विववरणको अद्यावधिक गर्न म. ले. प. फाराम ८०१ देख ८०५ समका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसंग संबन्धित फारामको अभिलेख राखेको छैन। म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – संम्परीक्षण गोश्वारा अभिलेख कार्यालयले बेरुजुको लगत अद्यावधिक नगरेकोले बेरुजु फछ्र्यौट सम्बन्धि प्रकृया अघि बढेर कार्यान्वयन भएको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | 140 | २०७७-८-१७ | **पदाधिरीलाई अतिरिक्त सुविधा**<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।यस नगरपालिकाका पदाधिकारीहरुलाई देहाय बमोजिम अतिरिक्त सुविधा दिएको देखिएकोले सम्बन्धितबाट फिर्ता लिई स्टोर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४४३,४९८ |
| ३५ | | | **स्वकिय सचिव**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् ।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । कार्यालयले प्रमुख तथा उप प्रमुखका २ जना स्वकिय सचिवलाई नियुक्त गरी क्रमशः मासिक रु २००००/- र १८०००/- का दरले रु ४५६०००/- भुक्तानी गरेको छ। | |

| **क्र.सं.** | **भौ/मिति** | **प्रयोजन** | **थान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | १४०/२०७७-०८-१७ | वडा नं ३ का जनप्रतिनिधिहरुलाई मोबाईल | Samsung Galaxy ५ थान | ७००००/- |
| २ | १८३/२०७७-०९-०२ | वडा नं १ का जनप्रतिनिधिहरुलाई मोबाईल | Redmi Poco Mobile C3 ६ थान | १०००००/- |
| ३ | १८४ /२०७७-०९-०२ | वडा नं ४ का जनप्रतिनिधिहरुलाई मोबाईल | Samsung Mobile ७ थान | १२५०००/- |
| ४ | २७२ /२०७७-१०-२० | कार्यापालिका सदस्यलाई मोबाईल | ३ थान | ६०००३/- |
| ५ | ५५४ /२०७८-०३-१० | वडा नं १० का जनप्रतिनिधिहरुलाई मोबाईल | Vivo Mobile ५ थान | ८८४९५ |
| | **जम्मा** | | | **४४३४९८/-** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>
पदाधिकारी सेवा र सुविधा<br>
नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. १००५४५००/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष १० जना</th><th>कार्यपालिकासदस्य ८ जना</th><th>सभाका ३४ सदस्य</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठकभत्ता</td><td>२४०००</td><td>२४०००</td><td>२४००००</td><td>१९२०००</td><td>३४०००</td><td>५१४०००</td></tr>
<tr><td>२</td><td>यातायातखर्च</td><td>-</td><td>-</td><td>-</td><td>९६०००</td><td>१७०००</td><td>११३०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>८४०००</td><td>७२०००</td><td>४८००००</td><td>४२००००</td><td>८१६०००</td><td>१७८८०००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>७८०००</td><td>६००००</td><td>४८००००</td><td>४२००००</td><td>१०२००००</td><td>१९७४०००</td></tr>
<tr><td>५</td><td>समन्वयतथासहजीकरण</td><td>१२००००</td><td>१०८०००</td><td>७८००००</td><td>५७६०००</td><td>१६३२०००</td><td>३२१६०००</td></tr>
<tr><td>६</td><td>अतिथिसत्कार</td><td>१३२००००</td><td>१२००००</td><td>९६००००</td><td></td><td></td><td>१२१२०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>४८०००</td><td>४२०००</td><td>३०००००</td><td>२४००००</td><td>४०८०००</td><td>१०३८०००</td></tr>
<tr><td>८</td><td>चाडपर्वखर्च</td><td>२७५००</td><td>२५०००</td><td>१८००००</td><td>८००००</td><td></td><td>३१२५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१३५००</td><td>४५१०००</td><td>३४२००००</td><td>१७६००००</td><td>३९१००००</td><td>१००५४५००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
दरबन्दि तथा पद्पुर्ति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३१ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २३ पदहरु रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेकोस्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा ७८ जना कर्मचारीहरु करारमा राखि रु १४३२०८८७४/- खर्च लेखेको छ ।कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा मात्र खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>पदाधिकारीलाई पर्व खर्च<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।यस नगरपालिकाका ५४ जना पदाधिकारीहरुलाई अघिल्लो आ.व.को छुट चाँडपर्व खर्च भनि कुल रु ५८४५००/- सुविधा भुक्तानी गरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३९.१</td><td>विभिन्न ५४ जना पदाधिकारी</td><td>५,८४,५००</td></tr>
</table></td><td>५८४,५००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० बमोजिम कुनै पनि व्यक्ति संस्था तथा तेस्रो पक्षालाई पेश्की प्रदान गर्दा समयमै नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको पेश्की मध्ये वर्षान्तमा कायम रहेको देहाय अनुसारको पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>पेश्की लिनेको नाम</th><th>पद/ ठेगाना</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की</td><td colspan="3"></td></tr>
<tr><td>१</td><td>अनक जोशि जे.भि.</td><td>कंचनपुर</td><td>नगरपालिका भवन निर्माण</td><td>२००००००</td></tr>
<tr><td>२</td><td>कैलपाल निर्माण सेवा</td><td>कंचनपुर</td><td>खोप केन्द्र भवन निर्माण वडा नं ७</td><td>१७००००</td></tr>
<tr><td>३</td><td>छाडा पशु चौपाया व्यवस्थापन उ.स.</td><td>कंचनपुर</td><td>छाडा पशुचौपाया व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>२२७००००</td></tr>
<tr><td></td><td>म्याद नाघेको पेश्की</td><td colspan="3"></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>कंचनपुर</td><td>करन सुनारको घर नजिक ट्रान्सफर्मर</td><td>४५००००</td></tr>
</table></td><td>११,५२६,५४१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत विस्तार तथा पोल तार खरिद | ३४९९८८ | |
| | | | ६ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,भोल्टेज सुधार तथा मर्मत | ५००००० | |
| | | | ७ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,भोल्टेज सुधार तथा मर्मत | ७५२०७ | |
| | | | ८ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | सारदा मा.वि. नजिक रहेको विद्युत ट्रा फ देखि पश्चिम अमर खत्रीको घर सम्म ३ फेज विद्युत लाईन विस्तार | ४९८६२ | |
| | | | ९ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विपन्न समुदायलाई विद्युत मिटर जडान अनुदान | ८९०४४.३० | |
| | | | १० | जनज्योति माध्यमिक विद्यालय | कंचनपुर | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान(दोस्रो पटक) | १८००००० | |
| | | | ११ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा लाईन सुधार भर्याङ खरिद | ४२४९९४ | |
| | | | १२ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत लाईन विस्तार तार र पोल खरिद | १९९८३६ | |
| | | | १३ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत तार खरिद,जडान तथा मर्मत | ४९९९९९ | |
| | | | १४ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल तथा तार विस्तार मर्मत | ४९९९३५ | |
| | | | १५ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | वडा नं ४ अन्तर्गत आवश्यक स्थानहरुका लागि विद्युत पोल खरिद | ३७४६८५ | |
| | | | १६ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा तार विस्तार | ३४९८४१ | |
| | | | १७ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,भोल्टेज सुधार तथा मर्मत | ४९९७५१ | |
| | | | १८ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,भोल्टेज सुधार तथा मर्मत | ६४९९३५ | |
| | | | १९ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा तार विस्तार | ३९९२५९ | |
| | | | २० | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | नारायण बुढाको घर नजिक ट्रान्सफर्मर खरिद | ४९९७८८ | |
| | | | २१ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,तार,ठाउसारी र १ थान ५० के.भि.ए.को ट्रान्सफर्मर खरिद | ९९९९७५ | |
| | | | २२ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | वडामा विद्युतिकरण कार्य | ४९९८३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २३ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत तार,पोल तथा मर्मत संभार | ५००००० | |
| | | | २४ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल,भोल्टेज सुधार तथा मर्मत | ४९९७३६ | |
| | | | २५ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा लाईन सुधार | २००००० | |
| | | | २६ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा लाईन सुधार | ३४९८६८ | |
| | | | २७ | नेपाल विद्युत प्राधिकरण | कंचनपुर | विद्युत पोल खरिद तथा लाईन सुधार | १५००० | |
| | | | २८ | सारदा सरस्वति माध्यमिक विद्यालय | कंचनपुर | सारदा मा.वि. मा कक्षा ११ र १२मा अतिरिक्त कक्षा संचालन शिक्षण सहयोग | ५०००० | |
| | | | २९ | भानु माध्यमिक विद्यालय | कंचनपुर | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ७००००० | |
| | | | | **जम्मा** | | | **११५२६५४१.३** | |
| ४१ | | | **सशर्त शिक्षा तर्फ** | | | | | |
| ४१.१ | | | **निःशुल्क पाठ्यपुस्त अनुदानः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.४०५४२१०।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको अधारमा काजगता प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | | | | | |
| ४१.२ | | | **शिक्षक दरबन्दि मिलानः** शिक्षक दरबन्दी मिलान गर्दा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद २ अनुसार शिक्षक र विद्यार्थीको अनुपात लगायतका आधार तथा शिक्षक व्यवस्थापन गर्दा सोही कार्यविधिको परिच्छेद ४ को आधारमा मात्र शिक्षक व्यवस्थापन गर्नुपर्दछ । पालिकाले कार्यविधिले तोकेको मापदण्ड तयार नै नगरि दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन समिति गठन गरी सोही समितिले गरेको सिफारिसका आधारमा शिक्षा समितिको निर्णयको आधारमा ३५ जना शिक्षकको मिलान (सरुवा) गरेको छ । जसले वास्तविक रुपमा तोकीए बमोजिमको शिक्षक र विद्यार्थी अनुपात तथा शैक्षिक गुणस्तर कायम भएकोमा एकिन हुन सकिदैन । अत मापदण्डको पालना गरेर मात्र शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्नुपर्दछ । | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानः- शिक्षण सिकाइ व्यवस्थापन कार्यविधि, २०७७ अनुसार पालिकाले प्राप्त बजेटबाट बढिमा १२ महिनासम्म पारिश्रमिक उपलब्ध गराउने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १७३ मिति २०७७।१०।११ को पत्र अनुसार शिक्षकण शिकाइ व्यवस्थापन कार्यविधि बमोजिम कुनै पनि दरवन्दी नभएको माध्यमिक विद्यालयमा २ शिक्षक व्यवस्थापन गर्न र एउटा मात्र दरबन्दी भएको विद्यालयलाई १ शिक्षक व्यवस्थापन गर्न प्रति शिक्षक ६ महिनाको रू.२ लाख १६ हजारका दरले अनुदान निकासा दिने उल्लेख छ। केन्द्रको परिपत्र अनुसार पालिकाले ३ माध्यमिक विद्यालय र ४ आधारभुत विद्यालयमा गरि ७ जना शिक्षकलाई परिपत्र अनुसार रु.१३२४६२०।- (छ महिनाको) निकासा गर्नुपर्नेमा निर्देशिका बमोजिम रु.२६४९२४०।- (१२ महिना) रकम निकासा गरेको छ। एकै कार्यक्रमको लागि निर्देशिकामा बढिमा १२ महिनाको सुविधा उपलब्ध गराउने भनेकोमा परिपत्रमा ६ महिनासम्मको तलब भुक्तानी गर्ने निर्देशन भएको छ। पालिकाले थप ६ महिनाको तलब भुक्तानी गर्ने सुनिश्चित नै नगरि पुरै खर्च गरेको छ। अत केन्द्रिय परिपत्रको पालना गरेर मात्र खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४१.४</td><td></td><td></td><td>सेनेटरी प्याड खरीदः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले शिलबन्दी दरभाउबाट वि.एन. कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. बाट रु.२९ का दरले रु.१४०२२६६।– मा ४८३५४ थान सेनेटरी प्याड खरिद गरेकोमा सोही स्पेशिफिकेशनको सेनेटरी प्याड लोमस सर्जिकल हाउसबाट रु.३५ दरमा १२५०० थान प्याड खरिद गर्दा रु.४३७५००।– खर्च लेखेको छ। जसबाट सिलबन्दी दरभाउबाट खरिद गरिएको सामाग्री सोझै खरिद गर्दा कार्यालयलाई रु.७५०००.० बढी व्यायभार परेको देखिन्छ। अतः कार्यालयले एक पटक कम दरमा सामाग्री प्राप्त गरेकोमा सोही संस्थाबाट सामाग्री प्राप्ति गर्ने तथा कम व्यायभारमा पर्ने गरि खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>शिक्षक पारिश्रमिक<br>शिक्षकको बढी ग्रेड निकासाः शिक्षा नियमावली२०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासादिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपरगरिने उल्लेख छ। गाउँपालिकाले देहायका शिक्षकको तलब भत्ताभुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ताभुक्तानी गर्नुपर्नेमा देहायबमोजिम शिक्षकको ग्रेड बापतको रकम रु.२४६९४० बढि भुक्तानी गरेकोले बढी ग्रेड रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र सं.</th><th>विद्यालय</th><th>शिक्षकको नाम</th><th>हुनुपर्ने ग्रेड</th><th>भएको ग्रेड</th><th>दर</th><th>वार्षिक रकम</th></tr>
<tr><td>१</td><td>जनज्योति मा.वि.</td><td>प्रा.द्वी श्रीनाथ वराल</td><td>७</td><td>९</td><td>९४०</td><td>१३४४२.०</td></tr>
<tr><td>२</td><td>लक्ष्मी मा.वि.</td><td>प्रा.द्वी. काशीराम जोशी</td><td>७</td><td>९</td><td>९४०</td><td>१३४४२.०</td></tr>
<tr><td>३</td><td>पशुपति आ.वि.</td><td>प्रा.द्वी. शंकरदत्त जोशी</td><td>७</td><td>९</td><td>९४०</td><td>१३४४२.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td><td>४०३२६.०</td></tr>
</table></td><td>४०,३२६</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>नगरपालिका शिक्षा तर्फ</td><td></td></tr>
</table>

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>भानु बहुमुखि क्याम्पस अनुदानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत तथा माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन, व्यवस्थापन, नियन्त्रण लगाएतका कार्य गर्न पाउने गरि अधिकार क्षेत्र निर्धारण गरेको छ । पालिकाले ऐनले तोकेको अधिकार क्षेत्र भन्दा बाहिर गएर पालिका भित्र सञ्चालन बहुमुखी क्याम्पसलाई शैक्षिक अनुदान वापत रु.१५ लाख र परिक्षा व्यवस्थापन अनुदान वापत रु.२ लाख ३० हजार गरी रु.१७ लाख ३० हजार अनुदान उपलब्ध गराएको छ । अत ऐनले तोकेको कार्यक्षेत्रभन्दा बाहिर अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>वडा तर्फबाट विद्यालयलाई अनुदानः विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>भौ.नं.</td><td>विद्यालयको नाम</td><td>वडा नं.</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>५७२</td><td>भानु मा.वि.</td><td></td><td>भानु मा.वि. शैक्षिक सुधार अनुदान</td><td>५०००००.०</td></tr>
<tr><td>९६</td><td>सरस्वति मा.वि.</td><td>४</td><td>करार सेवा शुल्क</td><td>४०००००.०</td></tr>
<tr><td>६०८</td><td>जनज्योति मा.वि.</td><td>८</td><td>जनज्योति मा.वि. शैक्षिक अनुदान</td><td>५०००००.०</td></tr>
<tr><td>७०४</td><td>हरिओम आ.वि.</td><td>१०</td><td>हरिओम आ.वि. शैक्षिक अनुदान</td><td>१०००००.०</td></tr>
<tr><td>७१६</td><td>भैरब प्रा.वि.</td><td>८</td><td>भैरब प्रा.वि. शैक्षिक अनुदान</td><td>१५००००.०</td></tr>
<tr><td>७३०</td><td>भानु मा.वि.</td><td>१-५</td><td>भानु मा.वि. शैक्षिक अनुदान</td><td>२२५००००.०</td></tr>
<tr><td>७३४</td><td>राष्ट्रिय आ.वि.</td><td>७</td><td>बाल विकास केन्द्र अनुदान</td><td>५००००.०</td></tr>
<tr><td>७३७</td><td>महाकाली आदर्श मा.वि.</td><td>१</td><td>महाकाली आदर्श मा.वि. शिक्षण सिकाइ अनुदान</td><td>२०००००.०</td></tr>
<tr><td>७८४</td><td>भानु मा.वि.</td><td>१-५</td><td>भानु मा.वि. शैक्षिक व्यवस्थापन</td><td>२०७०४३.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२३३२०४३.०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **बढी ग्रेड भुक्तानि**<br>कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालय,कंचनपुरबाट स्विकृत २०७७/७८ को तलबि प्रतिवेदन पारित गरेको छ ।तर स्वास्थ्य तर्फका मे.ल्या.टे बलराम गिरीको प्रतिवेदनमा ४ ग्रेड उल्लेख गरेकोमा श्रावण देखि माघसम्म ५ ग्रेड रु ९४० को दरले कुल ८२७२/-(क.सं.कोष सहित) भुक्तानी भएकोमा बढी निकासा गरेको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ८,२७२ |
| ४५ | १३७ | २०७८-३-१६ | **अनुगमन भत्ता**<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु | २५८,००० |

| **क्र.सं.** | **भौ/मिति** | **कार्यक्रम/प्रयोजन** | **सङ्ख्या** | **दर/दिन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १ | १३७/२०७८-०३-१६ | गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण सम्बन्धि अनुगमन | २ पदाधिकारी लगायत ६ कर्मचारी | १५००/६ दिन | ७२०००/- |
| २ | १९०/२०७८-०३-२७ | व्यवसायिक पशुपालन कार्यक्रम अनुगमन | २ पदाधिकारी लगायत ८ कर्मचारी | १५००/४ दिन | ६००००/- |
| ३ | १८२/२०७८-०३-२४ | लघु उद्यम विकास कार्यक्रम | २ पदाधिकारी लगायत ७ कर्मचारी | १५००/६ दिन | ८१०००/- |
| ४ | १४४/२०७८-०३-२० | बाख्रा प्रबर्द्धन कार्यक्रम अनुगमन | २ पदाधिकारी लगायत ८ कर्मचारी | १५००/३ दिन | ४५०००/- |
| **जम्मा** | | | | | **२५८०००/-** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td>२१०</td><td>२०७७-९-२८</td><td>

**बैठक भत्ता**

नेपाल सरकारको कार्यसंचालन निर्देशिका, २०७६ को ७.१.१ मा बैठक भत्ताको स्पष्ट मापदण्ड बनाएको छ । जस अनुसार कानुन अनुसार गठन भएका समिती हरुको वैठक भत्ता प्रदान गर्ने र यस्तो वैठक पनि कार्यालय समय अगाडी वा पछाडी हुनुपर्ने र स्पष्ट कार्ययोजना एवं विषयवस्तु समेत हुनुपर्ने व्यवस्था छ ।तर यस्तो भत्ता एउटै निकाय वा अन्तर्गतका पदाधिकारी कर्मचारी मात्रै बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाउने व्यवस्था रहेको छ । तर नगरपालिकाले एउटै निकायका पदाधिकारी मात्रै संलग्न रहेको तथा कार्यालय समयमा बैठक बसि भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु

<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>प्रयोजन</th><th>बैठक संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२१०/२०७७-०९-२८</td><td>कार्यालय सहयोगी पदको अन्तर्वार्ता र छनौट समितिको बैठक भत्ता</td><td>६</td><td>५७८००/-</td></tr>
<tr><td>२</td><td>२२७/२०७७-१०-१४</td><td>सुपरीवेक्षक तथा गणक पदको करारमा छनौट समितिको बैठक भत्ता</td><td>२५ वटा बैठक(मिति २०७७-१०-६ मा विहान ७:३० देखि साँझ ५:०० बजेसम्म१२ वटा बैठक)</td><td>१९६०००/-</td></tr>
<tr><td>३</td><td>१८४ / २०७७-०९-०२</td><td>अमिन,सामाजिक परिचालक, नापि फिल्ड सहायक छनौट बैठक</td><td>२५ बैठकमा कार्यालय समयमा ११ बैठक</td><td>२९६५२०/-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५०३२०/-</td></tr>
</table>

</td><td>५५०,३२०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>नगरपालिकाले यस वर्ष १० वडामा ३ चौमासिकको सामाजिक सुरक्षा भत्ता वैँकिङ प्रणालिबाट भुक्तानी गरेको छ । यस आर्थिक वर्षमा सबै गरी जम्मा रु.१२२६१०००३.० सामाजिक सुरक्षा भत्ता वितरण भएको पाइयो ।</td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>

**लाभग्राहीको अभिलेख** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा यस पालिकाको ३ वटा वडा (वडा नं.१, ७ र ९) को सामाजिक सुरक्षा भत्ता वितरण विवरण परिक्षण गरेकोमा बैंकीङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार एकै नागरिकता नम्बर भएका देहायबमोजिमका लाभगाग्रीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएकोले के कति कारणले एउटै नागरिकता नम्बर कायम भएको हो एकिन गरी रु.३८२४००.० असुल गर्ने र अन्य वडाको पालिकाबाट नै छानविन गरि सोको प्रमाण पेश गर्नुपर्दछ ।

<table>
<tr><th>क्रसं.</th><th>वडा नं</th><th>सामाजिक सुरक्षाप्रकार</th><th>नाम</th><th>नागरिकता नं</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१</td><td>जेष्ठ नागरिक ७० वर्षमाथि</td><td>पार्वती देवी वम</td><td>1799</td><td>२४०००</td><td>प्रथम र दोस्रोचौमासिक</td></tr>
<tr><td></td><td>१</td><td>जेष्ठ नागरिक ७० वर्षमाथि</td><td>पार्वती देवी वम</td><td>1799</td><td>२४०००</td><td>प्रथम र दोस्रोचौमासिक</td></tr>
</table>

</td><td>३८२,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | १ | जेष्ठ नागरिक एकलमहिला | बेलमति नाथ | १७८०१७५२ | ६००० | प्रथम चौमासिक | |
| | | | | १ | जेष्ठ नागरिक एकलमहिला | बेलमति नाथ | १७८०१७५२ | २००० | प्रथम चौमासिक | |
| | | | ३ | १ | जेष्ठ नागरिक एकलमहिला | नन्दनाथ लाल | 18061996 | ८००० | प्रथम चौमासिक | |
| | | | | १ | जेष्ठ नागरिक एकलमहिला | नन्दनाथ लाल | 18061996 | ८००० | प्रथम चौमासिक | |
| | | | ४ | १ | जेष्ठ नागरिक एकलमहिला | पार्वति देवी भट्ट | 2065364 | ८००० | प्रथम चौमासिक | |
| | | | | १ | जेष्ठ नागरिक एकलमहिला | पार्वती देवी चन्द | 2065364 | ८००० | प्रथम चौमासिक | |
| | | | ५ | १ | विधुवा | विमला देवी जैसी | 12281598 | ८००० | प्रथम चौमासिक | |
| | | | | १ | विधुवा | विमला देवी जैसी | 12281598 | ८००० | प्रथम चौमासिक | |
| | | | ६ | १ | विधुवा | इन्दु सुनार | 750171 | २४००० | तिनै चौमासिक | |
| | | | | १ | विधुवा | जमुना सुनार | 750171 | २४००० | तिनै चौमासिक | |
| | | | | १ | विधुवा | जोगु सुनार | 750171 | २४००० | तिनै चौमासिक | |
| | | | | १ | विधुवा | निर्माला सुनार | 750171 | २४००० | तिनै चौमासिक | |
| | | | ७ | १ | पूर्ण अपांगता | किशोर भट्ट | 75017405291 | ६४०० | प्रथम चौमासिक | |
| | | | | १ | पूर्ण अपांगता | किशोर भट्ट | 75017405291 | ६४०० | प्रथम चौमासिक | |
| | | | ८ | १ | जेष्ठ नागरिक | काशि भट्ट | 12391378 | १२००० | दोस्रो चौमासिक | |
| | | | | १ | जेष्ठ नागरिक एकलमहिला | कलावति धामी | 12391378 | ६००० | दोस्रो चौमासिक | |
| | | | ९ | १ | जेष्ठ नागरिक दलित | परेदेवी लोहर | 1266।1528 | १२००० | दोस्रो र तेस्रोचौमासिक | |
| | | | | १ | जेष्ठ नागरिक दलित | परेदेवी लोहर | 1266।1528 | १६००० | दोस्रो र तेस्रोचौमासिक | |
| | | | १० | १ | जेष्ठ नागरिक दलित | रम्वादेवी लोहर | 4035525 | ८००० | दोस्रो चौमासिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | जेष्ठ नागरिक दलित | रम्वादेवी लोहर | 4035525 | ८००० | दोस्रो चौमासिक | | |
| | | | | ११ | १ | विधुवा | जस्मादेवी दत्त | 14811495 | ८००० | दोस्रो चौमासिक | | |
| | | | | | १ | विधुवा | जस्मादेवी धामी | 14811495 | ८००० | दोस्रो चौमासिक | | |
| | | | | १२ | १ | जेष्ठ नागरिक | काशि भट्ट | 12391378 | १२००० | तेस्रो चौमासिक | | |
| | | | | | १ | जेष्ठ नागरिक एकलमहिला | कलावती धामी | 12391378 | ८००० | तेस्रो चौमासिक | | |
| | | | | १३ | ७ | जेष्ठ नागरिक ७० वर्षमाथि | विष्णु क्षेत्री | 28810569 | १२००० | प्रथम चौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक ७० वर्षमाथि | विष्णुमाया अत्री | 28810569 | १२००० | प्रथम चौमासिक | | |
| | | | | १४ | ७ | जेष्ठ नागरिक एकलमहिला | सेतु सुनार्नी | 28810568 | २४००० | तिन चौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक ७० वर्षमाथि | सेतु सुनार | 28810568 | ३६००० | तिन चौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक ७० वर्षमाथि | सेतु सुनार्नी | 28810568 | ३६००० | तिन चौमासिक | | |
| | | | | १५ | ७ | जेष्ठ नागरिक एकलमहिला | अमृता ठकुरी | 28812962 | २४००० | तिन चौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक एकलमहिला | अमृता देवी मगर | 28812962 | २४००० | तिन चौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक दलित | ढाल बहादुर दमाइ | 28812962 | २४००० | तिन चौमासिक | | |
| | | | | १६ | ७ | असहाय | शिलादेवी गुरुङ्ग | 7530081073 | ६४०० | प्रथम चौमासिक | | |
| | | | | | ७ | पुर्ण अपाङ्ग | दान वहादुर थापा | 7530081073 | १२००० | प्रथम चौमासिक | | |
| | | | | १७ | ७ | जेष्ठ नागरिक दलित | दिला सुनार | 28810609 | १६००० | दोस्रो र तेस्रोचौमासिक | | |
| | | | | | ७ | जेष्ठ नागरिक दलित | दिला सुनार | 28810609 | १६००० | दोस्रो र तेस्रोचौमासिक | | |
| | | | | १८ | ९ | जेष्ठ नागरिक ७० वर्षमाथि | कान्ति चदर्नी | 28814842 | ३६००० | तिन चौमासिक | | |
| | | | | | ९ | जेष्ठ नागरिक दलित | करु चदरो | 28814842 | २४००० | तिन चौमासिक | | |
| | | | | १९ | ९ | जेष्ठ नागरिक दलित | ओविराम सुनार | 28810448 | २४००० | तिन वटै चौमासिक | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>९</td><td>जेष्ठ नागरिक दलित</td><td>उजोला दमाइ</td><td>28810448</td><td>२४०००</td><td>तिन वटै चौमासिक</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६६१२००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
सिँचाई बोरिङ्ग पाईप तथा पम्प सेट वितरण<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ भने नियम ५(१) मा मालसान खरिद गर्दा खरिदको माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले देहायका फर्मबाट विभिन्न साईजका सिँचाई बोरिङ्ग पाईप तथा बोरिङ्ग सेटहरु खरिद गरेको छ। खरिद गरिएको सिँचाई बोरिङ्ग पाईप तथा बोरिङ्ग सेटहरु मागसम्बन्धि विवरण स्वीकृत भएको छैन भने सो सामग्री जडानको प्राविधिक प्रतिवेदन पेश भएको छैन। पाईप तथा बोरिङ्ग सेटहरु वितरण गर्दा लाभग्राही पहिचान तथा छनौटको आधार पेश भएको छैन भने वितरण भएको पाईपको जडान, नापजाँच तथा प्रयोगको सम्बन्धमा अनुगमन भई जडान सोको अनुगमन प्रतिवेदन पेश भएको छ। लाभग्राही छनौटको आधार पेश भई छनौट प्रक्रिया सहभागितामूलक बनाउनुपर्दछ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>फर्मको नाम</th><th>खरिद सामग्री</th><th>साईजतथा संख्या</th><th>रकम</th></tr>
<tr><td>९६/२०७७/१०/२९</td><td>कैलपाल निर्माण सेवा</td><td>बोरिङ्ग पाईप</td><td>विभिन्न साईजका विभिन्न संख्या</td><td>१४८२३०५.०</td></tr>
<tr><td>१२२/२०७७/१२/४</td><td>गडवालिङ्ग निर्माण सेवा</td><td>बोरिङ्ग पाईप</td><td>४० पिस</td><td>६६६२७१.०</td></tr>
<tr><td>१२९/२०७७/१२/४</td><td>गडवालिङ्ग निर्माण सेवा</td><td>बोरिङ्ग पम्प सेट</td><td>२४ सेट</td><td>५७०९६२.०</td></tr>
<tr><td>१३७/२०७७/१२/१३</td><td>दानेश्वर नागार्जुन ट्रेडर्स</td><td>बोरिङ्ग पम्प सेट</td><td>६४ सेट</td><td>३२३२७०४.०</td></tr>
<tr><td>१६४/२०७८/१/१४</td><td>कैलपाल निर्माण सेवा</td><td>बोरिङ्ग पम्प सेट</td><td>११ सेट</td><td>६८७२३०.०</td></tr>
<tr><td>१७५/२०७८/२/२१</td><td>श्री जय गणमेश्वर निर्माण सेवा</td><td>बोरिङ्ग पाईप</td><td>विभिन्न साईजका विभिन्न संख्या</td><td>७६५२७७.०</td></tr>
<tr><td>१९९/२०७८/३/१०</td><td>मुनलाईट हार्डवेयर एण्ड सप्लायर्स</td><td>बोरिङ्ग पाईप</td><td>विभिन्न साईजका विभिन्न संख्या</td><td>२९४०२४७.०</td></tr>
<tr><td>९/२०७८/३/२१</td><td>जय बागेश्वरी विल्डर्स</td><td>बोरिङ्ग पम्प सेट</td><td>६५ सेट</td><td>३८८४९२१.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४२२९९१७.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | ७ | २०७७-६-९ | **नगरपालिका भवन निर्माण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्दछ। नियमावलीको नियम १२०(३) मा मनासिब कारण भएमा तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। साथै नियम १२१ मा सम्झौताको अवधिभित्र योजना सम्पन्न नभएमा कार्यालयले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनको दरले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ। कार्यालयले नगरपालिका भवन निर्माणको लागी मिती २०७६/४/२९ मा अनक जोशी जे भीसँग रु ५८६९३२९६.० (मू अ कर र पि एस समेत) मा सम्झौता गरेको छ।सम्झौता अनुसार निर्माण व्यवसायीलाई हालसम्म रु २७५०३७७२.० (मू अ कर समेत) भुक्तानी भएको छ।सम्झौता अनुसार निर्माण व्यवसायीले मिती २०७७/४/२९ मा योजना सम्पन्न गर्नुपर्ने थियो। सो समय अवधिमा निर्माण सम्पन्न नभएको हुँदा, प्रमुख प्रशासकिय अधिकृतद्वारा मिति २०७७/४/२० को निर्णय बमोजिम योजनाको म्याद मिति २०७७/१०/२९ सम्म म्याद थप गरिएको छ।निर्माण व्यवसायीले सो अवधिमा समेत कार्यसम्पन्न गरेको छैन भने कार्यालयले योजनाको म्याद थप गरेको छैन। नियमावलीको व्यवस्था बमोजिम तोकिएको अवधिमा योजना सम्पन्न नगरेकोले योजनाको पूर्व निर्धारित क्षतिपूर्ति बापत ०.०५ प्रतिशत प्रतिदिनको दरले असार मसान्तसम्म १५० दिनको हुन आउने रु ४४०१९९७.० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | ४,४०१,९९७ |
| ५० | १ | २०७८-३-२४ | **एकै समयमा एकै सडक निर्माणको लागी दुई निर्माण व्यवसायीलाई रकम भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)मा खरिद सम्झौताको भुक्तानी गर्दा करार शर्त बमोजिम सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत उमेश कलौनीको घरदेखि दोब्बर सुनारको घरहुँदै दयाराम शर्माको घरसम्म सडक कालोपत्रे गर्ने कार्यको लागी भौ.नं १/२०७८/३/२४ बाट न्यू हुनैनाथ निर्माण सेवालाई रु ४७५२०७.० भुक्तानी गरेकोमा सोही भौचरबाट सोही सडक कालोपत्रे गर्ने कार्यको लागी मित्र बिल्डर्स प्रा.लिलाई रु ४८९४७४.० भुक्तानी गरेको छ।एकै सडक कालोपत्रे गर्ने कार्यको लागी लागत टुक्रा पारी एकै स्थानमा भिन्न निर्माण व्यवसायी मार्फत सोझै कार्य गराउँदा, सो सडकको चेनेज खुल्ने गरी लागत स्वीकृत गरिएको छैन भने निर्माण कार्यको नापी किताबमा समेत सडकको चेनेज खुल्दैन । यस सम्बन्धमा सम्बन्धित पदाधिकरीलाई जिम्मेवार बनाउँदै एकै सडक निर्माणको लागी दुई प्याकेजमा कार्य गर्दा सोको चेनेज र कामको विवरण खुल्ने गरी लागत अनुमान स्वीकृत हुनुपर्दछ भने सोही बमोजिम नापजाँच गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **खरिद टुक्राई सोझै खरिद गरिएको**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली को नियम ९(२) मा कार्यान्वयन तालिका सहित छनौट भएका आयोजनाको विवरण आयोजना कार्यान्वयन हुने स्थानीय तहमा प्रत्येक वर्षको मंसिर पन्ध्र गते भित्र पठाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु. ५ लाखसम्मको खरिद कार्य सोझैं गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। नगरपालिकामा स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयनको लागी योजना तथा बजेट सहितको पत्र प्राप्त भएकोमा, योजनामा बिनियोजित बजेट बमोजिम बोलपत्रमार्फत खरिद गर्नुपर्नेमा कार्यालयले निम्नासुसार योजनाहरु टुक्राई निम्न निर्माण व्यवसायीबाट मिती २०७८/२/१३ को कार्यदेश मार्फत सोझै खरिद कार्य गराएको पाईयो। खरिद नियमावलीको व्यवस्था पालना नगरि प्रतिस्पर्धा सिमित हुने गरी रु २३८६२२६.० को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु | २,३८६,२२६ |
| ५२ | | | **प्रदेश पूँजीगत तर्फ** | |

| गो.भौ.नं/मिति | योजना | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १/२०७८/३/२४ | किसन बस्नेतको घरदेखि निशान टोल जाने सडक | एन्.एस्.निर्माण सेवा | ४७५०९८.० |
| १/२०७८/३/२४ | उमेश कलौनीको घरदेखि दोब्बर सुनारको घर हुँदै दयाराम शर्माको घरसम्म सडक कालोपत्रे | न्यू हुनैनाथ निर्माण सेवा | ४७५२०७.० |
| १/२०७८/३/२४ | ओली चौराह देखि तिर्थ सरको घर हुँदै डम्मर चौराह सम्म सडक कालोपत्रे | श्री दोगडायु दृष्टि निर्माण सेवा | ४७५०१५.० |
| १/२०७८/३/२४ | उमेश कलौनीको घरदेखि दोब्बर सुनारको घर हुँदै दयाराम शर्माको घरसम्म सडक कालोपत्रे | मित्र बिल्डर्स प्रा.लि | ४८९४७४.० |
| १/२०७८/३/२४ | दल बहादुर बुढाको घरदेखि खिमा चन्दको घरसम्म सडक कालोपत्रे | एस्.आर.निर्माण सेवा | ४७१४३२.० |
| जम्मा | | | २३८६२२६.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.१</td><td></td><td></td><td>चेनेज नखुलाइ योजनामा भुक्तानिः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौताको भुकतानी गर्दा करार शर्त बमोजिम सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले प्रदेश सशर्त पूँजीगत तर्फको देहायबमोजिमको योजनामा एकै सडक कालोपत्रे गर्ने कार्यको लागि लागत अनुमानमा टुक्रा पारी एकै स्थानमा भिन्न निर्माण व्यवसायी मार्फत सोझै कार्य गराउँदा सो सडकको चेनेज खुल्ने गरी लागत स्वीकृत गरेको छैन भने निर्माण कार्यको नापी किताबमा समेत सडकको चेनेज खुल्दैन । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाउँदै एकै सडक निर्माणको लागि दुइ प्याकेजमा कार्य गर्दा सोको चनेज र कामको विवरण खुल्ने गरी लागत अनुमान स्वीकृत हुनुपर्दछ र सोही बमोजिम नापजाँच गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>योनाको नाम</th><th>निर्माण व्यवसायि</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९-२०७८।३।२९</td><td>चर्तिटोलतर्फ जाने सडक कालोपत्रे</td><td>अमृत कन्ष्ट्रक्सन</td><td>४७८०७८.०</td></tr>
<tr><td>२०-२०७८।३।२९</td><td></td><td>वस्नेत कन्ष्ट्रक्सन</td><td>४७९१०७.०</td></tr>
<tr><td>२३-२०७८।३।३०</td><td>भाने कठाएको घरदेखि जगे लुहारको घर सम्म कालोपत्रे</td><td>वस्नेत कन्ष्ट्रक्सन</td><td>४३५६१६.०</td></tr>
<tr><td></td><td></td><td>गगन कन्ष्ट्रक्सन</td><td>४९२४९८.०</td></tr>
<tr><td>२४-२०७८।३।३०</td><td>बलको घरदेखि अगाडी कालोपत्रे</td><td>वस्नेत कन्ष्ट्रक्सन</td><td>२४५६०६.०</td></tr>
<tr><td>२५-२०७७।३।३०</td><td></td><td>शुभम कन्ष्ट्रसन</td><td>३१९८२९.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४५०७३४.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>विपन्न वर्ग एवं भुमिहिनका लागि आवास निर्माणः विपन्न गर्न एवं भुमिहिनका लागि आवास निर्माण कार्यक्रममा प्रति घर निर्माणमा ६८६८५।– लागत लाग्ने गरी ४५ घर निर्माण गर्ने गरि सगरमाथा मध्यवर्ति उपभोक्ता समितिसँग कार्यालयले रु.२७३७८००.० र जनश्रमदा वापत रु.३५३०३४.० गरी रु३०९०८३४.० को सम्झौता भएको छ । जसमध्य २५ घर निर्माण गरि सम्बन्धितलाई हस्तान्तरण गरेको भर्पाइ समितिले कार्यालयमा पेश गरेको छ भने अन्य घर निर्माण भई सम्बन्धित उपभोक्तालाई हस्तान्तरण भएको देखिदैन । कार्यालयबाट निर्मित भएका घरको अनुगमन गरेको पाइएन । त्यस्तै गरि ४५ जना लाभग्राही छनौट कसरी भयो भन्ने आधार स्पष्ट छैन जसबाट वास्तविक विपन्न र भुमिहिन वर्गले घर निर्माणको लागि अनुदान सहयोग पाएकोमा एकिन हुन सकिदैन ।</td><td></td></tr>
<tr><td>५२.३</td><td>25</td><td>२०७८-३-३०</td><td>बढी भुक्तानीः बलको घरदेखि अगडी कालोपत्रे योजनामा २८.५ मि लामो सडक ४.२ मी चौडाइ सडकको साइट क्लियरेन्स गर्ने, माटो भर्ने सहित कालोपत्रेसम्म सम्पन्न गर्ने गरि सोझै खरिद विधिबाट शुभम कन्ट्रक्सनसँग सम्झौता गरेकोमा सम्झौता विपरित कम्पनीले ६० मिटर लम्बाईको साइट क्लियरेन्स तथा माटो भर्ने काम गरेको आधारमा कार्यसम्पन्न गरेको भनि भुक्तानी दिएको छ । जसअन्तर्गत विटुमिन सहितको Prime coat नै नगरी सोझै Tack coat को काम गरेको भनि रु.४१३९१।– भुक्तानी गरेको छ । prime coat वेगर tack coat को काम भएको भनि एकिन हुन सकिने अवस्था नरहेकोले उक्त भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>४१,२९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.४ | १४ | | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । मूल सडक देखि मायापूरी सम्म कलोपत्रे सडक निर्माणको क्रममा दोस्रो रनिङ्ग विलबाट कार्यसम्पन्न प्रतिवेदन अनुसार ८२२७७५।– भुक्तानी हुनुपर्नेमा रु.८४४०२६।– भुक्तानी भएकोले बढी भुक्तानी रकम रु.२१२५१।– असुल गरी दाखिला गर्नुपर्ने रु. | २१,२५१ |
| ५३ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु. ५ लाखसम्मको खरिद कार्य सोझैं गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।नगरपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट मसलन्द, कार्यालय सामान खरिद तथा विभिन्न निर्माण कार्यसमेत गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ कोटेशनको माध्यमबाट निम्नानुसार रु १६८३८९३१.० को सोझै खरिद गरेको देखियो। कार्यालयले खरिद योजना निर्माण गरी सोको आधारमा खरिदको विधिको पहिचान गरी मितव्ययी रुपमा खरिद प्रक्रिया सम्पन्न गर्नुपर्नेमा, खरिद योजनाको निर्माण नगरी आवश्यकताका आधारमा सोझै खरिद गर्ने गरेकोले एकै प्रकारको सामग्री पटक पटक खरिद गर्दा सोझै खरिदको तोकिएको सिमा नाघ्ने तथा खरिद गरिएको सामग्री लागत अनुमान मूल्यकै हाराहारीमा खरिद भएको छ।खरिद ऐनको पालना गरी, खरिद योजना बमोजिम मितव्ययी तरिकाले खरिदको व्यवस्था गरिनुपर्दछ। | |
| ५४ | १६६ | २०७८-१-१४ | **सम्झौताभन्दा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)मा खरिद सम्झौताको भुक्तानी गर्दा करार शर्त बमोजिम सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले ठेक्का नं २/२०७७/७८, कुमैयाखेडा मोहन कोलीको घरदेखि दुर्गा बुढाको घरसम्म तथा जित बहादुर बुढाको घरदेखि राम बहादुर बुढाको घरसम्म र खड्के बुढाको घरदेखि दयामे सुनारको घरतर्फ सडक कालोपत्रेको लागी मिति २०७७/८/५ मा वसुलिङ्ग अनिल निर्माण सेवासँग रु १२५९५०४.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ। सम्झौता बमोजिम निर्माण व्यवसायीले रु १२५२७८२.० को कार्यसम्पन्न प्रमाणित गरेको छ।कार्यालयले प्रथम रनिङ्ग बिल बापत भौ.नं ४६/२०७७/९/२३ मा रु ४५३२८३.०(मू.अ.कर समेत) भुक्तानी गरेको छ भने दोश्रो रनिङ्ग बिल बापत भौ.नं १६६/२०७८/१/१४ मा रु ११०८६५५.० (मू.अ.कर समेत) भुक्तानी गरेकोले कुल रु १५६१९३८.० (मू.अ.कर समेत) भुक्तानी भएको छ।कार्यसम्पन्न भन्दा बढी भुक्तानी भएको रु ३०९१५६.० (मू.अ.कर समेत) रकम सो निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | ३०९,१५६ |
| ५५ | ३२० | २०७८-३-२८ | **मू.अ.कर बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)मा खरिद सम्झौताको भुक्तानी गर्दा करार शर्त बमोजिम सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले पट्यारनाला बाईसेट्याप्पर सडक कालोपत्रे गर्न मिती २०७७/९/१९ मा बाशुलिङ्ग अनिल कन्स्ट्रक्सनसँग रु ४७४७२५२.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ।कार्यालयले सो योजनाको अन्तिम बिल बापत भौ.नं १६७/२०७८/१/२५ मा रु १७०३४९०.० भुक्तानी गरेकोमा, सो मा मू.अ.कर बापतको रु २२१४५३.० भुक्तानी छुट हुन गएको देखिन्छ।कार्यालयले सो बापत भौ.नं ३२०/२०७८/३/२८ मा रु ३६५५७८.० भुक्तानी गरेकोले मू.अ.कर बापत बढी भुक्तानी भएको रु १४४१२५.० सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु | १४४,१२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | २५ | २०७७-८-११ | **मलेरियानाला साईड पिचिङ्ग कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितीले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितीको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्दछ। कार्यालयले मलेरियानाल साईट पिचिङ्ग उपभोक्ता समितीलाई तटबन्ध निर्माण कार्य बापत रु ११५७५८६.० भुक्तानी गरेको छ।सो योजनाको कार्यसम्पन्न अनुसार कार्यालयले उपभोक्तालाई ३*१*१ को जाली १३५ पिस खरिद बापत रु ६६६९८९.० र जियो टेक्सटायल खरिद बापत रु ९३५५५.० गरी सामग्रीको कुल रु ७६०५४४.० भुक्तानी गरेको छ।उपभोक्ताले सो बापत रु ६३५०८१.० को मात्र बिजक पेश गरेकोले, सामग्री खरिदको घटी बिजक पेश गरेको रु १२५४६३.० बिजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १२५,४६३ |
| ५७ | | | **नगर प्रमुख तथा उपप्रमुखको स्वविवेकका आधारमा विपन्न आवास कार्यक्रम संचालन**<br>मगरिबिको रेखामुनी रहेका विपन्न वर्गहरुलाई आवास प्रबन्ध गर्न महाकाली नगरपालिकाले नगर प्रमुख तथा नगर उपप्रमुख विपन्न नागरिक आवास कार्यक्रम संचालन गरेको छ।सोको लागी नगर कार्यपालिकाले विपन्न आवास सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७७ मिती २०७७/६/२८ मा लागू गरेको छ।कार्यविधिको दफा ३ बमोजिम आफ्नो वा परिवारको नाममा जग्गा नभएको वा तीन कठ्ठासम्म मात्र जग्गा भएको तर घर नभएको महाकाली न पा को बासिन्द व्यक्ति विपन्न आवास कार्यक्रमको लाभग्राही हुने व्यवस्था छ।त्यस्तै कार्यविधिको दफा ३ र ४ मा लाभग्राहीको छनौट वडाबाट प्राप्त विपन्न वर्गको तथ्याङ्कमध्येबाट नगर प्रमुख तथा उपप्रमुखको स्वविवेकबाट छनौट गरिने व्यवस्था रहेको छ।कार्यालयले नगर प्रमुख विपन्न आवास तर्फ कुल २० लाभग्राहीको रु २७८६५६३.० र नगर उपप्रमुख विपन्न आवास तर्फ कुल २१ लाभग्राहीको रु २४१७०५७.० गरी कुल रु ५२०३६२०.० आवास निर्माणमा भुक्तानी गरेको छ।कार्यालयले आवास निर्माणमा लाभग्राही छनौटको आधार पुष्टि हुने प्रमाण संलग्न गरेको छैन भने दफा ३ र ४ बमोजिम वडाबाट विपन्न नागरिक सूचि प्राप्त नगरी नगर प्रमुख तथा उपप्रमुखको स्वविवेकिय छनौट तथा सिफारिसको आधारमा मात्र कार्यक्रम संचालन गरेको छ।निर्माण सम्पन्न आवासहरु लाभग्राहीलाई हस्तान्तरण तथा योजनाको सार्वजनिक सुनुवाई एवम् खर्च अनुमोदन समेत नभएको हुँदा, स्वविवेकिय निर्णयको आधारमा मात्र वास्तविक लाभग्राही छनौट भएको मान्न सकिएन।कार्यविधिको व्यवस्था पालना नगरी विपन्न आवास निर्माणमा खर्च गरिएको रु ५२०३६२०.० नियमसम्मत देखिएन । | |
| ५८ | | | **अधुरो भवन तथा संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्यसम्पन्न पेश भएको छ ।भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था सिर्जना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ ।आंशिक संरचनामात्र निर्माणका न्यून बजेट बिनियोजन गरी अधुरा अपुरा भवन संरचना निर्माण गरी रकम भुक्तानी गर्नु उपयुक्त देखिएन।<br><br>भौ.नं/मिति — योजनाको नाम — भुक्तानी रकम<br>९९/२०७७/११/१४ — महिला अधुरो भवन निर्माण — ९७९२१५.०<br>१/२०७८/३/२४ — महिला सामुदायिक भवन निर्माण — ७९२५८४.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनुपर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपुर्जा फेर्नु पर्न भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष मर्मत शिर्षकमा रु.१६,१७,१९५.० खर्च लेखेको छ । कार्यालयले गाडी, मोटरसाईकल मर्मतमा लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिला समेत नगरेकोले खर्चको वास्तविकता एकिन गर्न सकिएन । | |
| ६० | | | **सहकारी संस्था मार्फत खर्च**<br>पालिका आफ्नो कार्यक्षेत्र अन्तर्गतको कार्य आफ्नै जनशक्तिबाट सम्पन्न गर्ने र कार्यालयमा उपलब्ध जनशक्तिले कार्य गर्न नसकेमा मात्र अन्य संघ संस्थाबाट कार्य गराउनु पर्दछ । पालिकाले कृषि तर्फको देहायबमोजिमको कार्यक्रममा आफै सम्बन्धित शाखाबाट वा जनशक्तिबाट गराउन सक्नेमा कुनै प्रतिसर्पधा नगराइ सोझै आस्था कृषि बहुउद्वेयीय सहकारी संस्था रकम निकासा दिइ सहकारीले सामाग्री खरिद गरि वितरण गरेको आधारमा रु.१५२७१४८.० खर्च लेखेको छ । सामाग्री खरिद र वितरण गर्दा सहकारी संस्थाले खरिद ऐन नियमको पालना नगर्ने तथा खरिद प्रतिस्पर्धा वेगर खरिद हुन सक्ने देखिन्छ । अत निजि सहकारी संस्थालाई सामाग्री खरिद र वितरण गर्ने कार्यमा सरिक नगराइ कार्यालयले नै यस्ता कार्यक्रम गर्नतर्फ जोड दिनु पर्दछ । | |

| भौ.नं. | कार्यक्रम | रकम | गरेको काम |
|---|---|---|---|
| ७२० | असल उद्यमिका लागि व्यवसाय प्रवर्द्धन कार्यक्रम | ४००००००.० | विउ विजन र सामाग्री खरिद गरी वितरण |
| ६२१ | व्यावसायिक कृषकलाई कृषि व्यावसाय अनुदान | ३२७१४८.० | मोटर पाइप लगायत सामाग्री खरिद गरि वितरण |
| | व्यावसायिक पशुपालक कृषकलाई अनुदान | ४००००००.० | बाख्रा खरिद गोठ सुधार कार्यक्रम गरेको विवरण |
| | पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | २०००००.० | वंगुर खरिद र कुखुराको दाना पानी भाडा खरिद गरि वितरण |
| ५१७ | अनुदान कार्यक्रम | २०००००.० | स्प्रे ट्यांकी, कुटो फाउडा दाते लगायत खरिद वितरण |
| जम्मा | | १५२७१४८.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिक**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र उक्त रकम तोकएको शर्त बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले शसर्त अनुदान अन्तर्गतत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट उच्च माध्यमिक तहको शिक्षकलाई रु.१६०३०.० माध्यमिक शिक्षकलाई रु.१४३८० निम्म माध्यमिक तहको शिक्षकलाई रु.११२७० र प्राथमिक तहको शिक्षकलाई रु.१०६३०.० को दरले २० विद्यालयका जम्मा ३८ जना शिक्षकलाई चाडपर्व खर्च सहित १३ महिनाको तलब भत्ता बापत रु.५२९४८७९.९ तलब भत्ता भुक्तानी गरेको छ । गत विगत वर्षमा विद्यालयले आफ्ने स्रोतबाट व्यवस्थापन गरेको शिक्षकको लागि पालिकाले अनुदान उपलब्ध गरएको रकम नियमित गर्नुपर्ने रु. | ५,२९४,८७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **इन्धन खर्च**<br>गाउँपालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक स्रोतको अधिकतम उपयोग हुने गरी मितव्यायिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष इन्धन खर्च वापत कार्यालय प्रयोजनको लागि रु.१३४६६६३.० र पदाधिकारी प्रयोजनको लागि रु.३४९९९१.० खर्च गरेको छ । यसरी खर्च लेख्दा नगरपालिकाले ट्रिपर, डोजर तथा अन्य सवारी साधनले के कति इन्धन खपत गरी सम्पादित कार्यको आधारमा खर्च गरेको आधारमा खर्च गरेको सो एकिन गर्न सकिएन । नगरपालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लेख्ने व्यवस्था गर्नुपर्ने र इन्धन खर्चको कामको आधारमा नर्म्स स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययिता कायम हुने गरी इन्धन खर्च गर्नुपर्दछ । | |
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोलघर निर्माण, वाल निर्माण, भवन निर्माण, सडक किनारा सरसफाई गरी यस वर्ष ५४ जनालाई रोजगारी उपलब्ध गराई रु.१३०९५६१।०० खर्च गरेको छ । लक्षित वर्गलाई १० दिनदेखि १८ दिनसम्म (औषतमा १०.६९ दिन) रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| वडा नं. | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | ज्यालामा औषत दिन |
|---|---|---|---|---|
| ०१ | भवानी बन गोल घर निर्माण | १० | ४१,३६०।०० | १७.५ |
| ०१ | नागार्जुन मन्दिर निर्माण | | ४९,११५।०० | |
| ०६ | शान्ति टोल र नयागाउको पिच सडक किनारा वाल निर्माण | ०७ | २,९०,५५४।०० | ८०.२८ |
| ०७ | सडक किनारा सरसफाई | १२ | २,६६,७७२।०० | ४३ |
| ०९ | सृजना आ.वि मा ३ कोठे भवन निर्माण | १८ | १,१५,८०८।०० | ५५.११ |
| ०९ | सिर्जना आ.वि.को जिर्ण अवस्थामा रहेको भवन भत्काउने र २ कोठे भवन फर्स प्लाष्टर | | १,७७,८४८।०० | |
| ०९ | सिर्जना आ.वि.को जिर्ण अवस्थामा रहेको भवन भत्काउने | | २,१९,२०८।०० | |
| १० | हिरा सिह सुनार घर देखी पुर्व तर्फ नालामा कल्भट किनारा माटोको कट्टा भरान | ०७ | १,४८,८९६।०० | ४१.१४ |
| | जम्मा | ५४ | १३०९५६१।०० | १०.६९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>
पारिश्रमिक कर<br>
आयकर ऐन,2058 को दफा 4 बमोजिम अनुसूची-1(2) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु.450000/- सम्म 1%, (ख)रु.450000-550000/- मा रु.100000/- को 10%, (ग) रु.550000/- देखि 750000/- सम्म रु.20000/- मा 20%, (घ) रु.750000/- देखि रु.2000000/- सम्म रु.1245000/- मा 30% र रु.2000000/- भन्दा बढीको आम्दानिमा घ बमोजिम लाग्ने करको दरमा थप 20% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहायको कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएकोले घटि कर कट्टि सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने तथा अन्य कर्मचारीको पनि पारिश्रमिक कर छानविन गरी असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>कर योग्य आय</th><th>पारिश्रमिक छुट</th><th>कर योग्य खुद रकम</th><th>कर</th></tr>
<tr><td>१</td><td>डा. गगनराज चौधरी</td><td>मेडिकल अधिकृत</td><td>५११९४०</td><td>४०००००(एकल)</td><td>१११९४०</td><td>१२३८८</td></tr>
<tr><td>२</td><td>रचित भारती</td><td>मेडिकल अधिकृत</td><td>५६५३२०</td><td>४५००००(दम्पति)</td><td>११५३२०</td><td>१३०६४</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२५४५२/-</td></tr>
</table>
</td><td>२५,४५२</td></tr>
<tr><td>६५</td><td>३७२</td><td>२०७७-१२-९</td><td>
छाडा चौपाया व्यवस्थापन<br>
छाडा चौपाया व्यवस्थापन अंर्न्तगत कार्यालयले रु १९६२११७/- खर्च गरेको छ । उक्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत छाडा चौपाया व्यवस्थापन सार्वजनिक खरिद नियमावलि,२०६४ को पालना बेगर विभिन्न व्यवस्थापकिय साामाग्रीहरु खरिद गरेको पाईयो जस्ले गर्दा सार्वजनिक श्रोतको प्रभावकारी र मितव्ययी सदुपयोग र परिचालन भए नभएको सो सम्बन्धमा यकिन हुन सकिएन । सार्वजनिक श्रोतको खर्च गर्दा कानुनी आाधार र प्रकृयाहरु पुरा गरेर मात्र यस्ता खर्च गर्दा विशेष ध्यान पुर्याउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
नाफामूलक संस्थालाई अनुदान<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारको एक नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन तथा भवन निर्माणको लागि रु ६९६१०९.० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>सृजना बचत तथा ऋण सहकारी संस्था लि</td><td>अनुदान</td><td>२०००००.०</td></tr>
<tr><td>२</td><td>सृजना बचत तथा ऋण सहकारी संस्था लि</td><td>भवन निर्माण</td><td>४९६१०९.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | १४८ | २०७८-३-२० | **कार्यसम्पन्न प्रतिवेदन तथा भर्पाई नभएको**<br>आर्थिक कार्यविध तथा वित्तिय उत्तरदायित्व नियमावलि,२०७७ को दफा ३९ मा कुनै पनि सार्वजनिक खर्चको लागी कार्याविधि,निति,नियम,मापदण्डमा रही गर्नुपर्ने व्यवस्था र खर्चको को प्रमाण स्वरुप बिल भर्पाई कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । कार्यालयले देहाय बमोजिम रु ५८३३००/- को खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाई पेश नभएकोले कार्यक्रमको औचित्य,उदेश्य,उपलब्धि बारे एकिन गर्न सकिएन। सो कार्यक्रम गरेपश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन,बिल भर्पाई पेश गर्नुपर्ने | ५८३,३०० |

| **क्र.सं.** | **भौ/मिति** | **कार्यक्रम/प्रयोजन** | **संस्था/पार्टी** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ८९/२०७७-०६-३० (न पा चालु) | संगठन व्यवस्थापन अध्ययन कार्य | Global Door Research Center Pvt Ldt | ४९७०००/- | सम्झौता र प्रतिवेदन नभएको |
| २ | ३००/२०७७-११-०२ (न पा चालु) | नगरसभा सदस्यहरुको बैठक भत्ता | | ८६३००/- | भर्पाई नभएको |
| **जम्मा** | | | | **५८३३००/-** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २०४५७५०००.० | २१४९०१७९.१ | १८३०८४८२०.९ |

लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कुल रु १४४८७०९९७.१ पेश भएकोमा रु २१४९०१७९.१ को सम्परीक्षण भएको जानकारी गराईन्छ ।

| **सि.नं.** | **आ.व.** | **बेरुजु दफा नं.** | **बेरुजुको संक्षिप्त व्यहोरा** | **फछ्र्यौटको आधार** | | | | **सम्परीक्षण** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **असुली** | **प्रमाण** | **नियमित** | **पेश्की** | |
| १ | २०७५/७६ | ५९ | बिल बिजक भन्दा भुक्तानी असुल | | बिल भर्पाई प्रमाण र कागजात पेश | | | ४२९२२.० |
| २ | २०७५/७६ | ९६ | अनुगमन भत्ता भुक्तानी | असुल | | | | १२७५०.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | २०७५/७६ | १०४ | अनुगमन भत्ता भुक्तानी | असुल | | | | २९७५०.० | |
| | | | ४ | २०७५/७६ | १०५ | अनुगमन भत्ता भुक्तानी | असुल | | | | १५३००.० | |
| | | | ५ | २०७५/७६ | ५७ | भानु बहुमुखि भवन निर्माण उ.स. ईटाको बिल बढी भुक्तानी | | कार्यसम्पन्न बिल,रनिङ बिल र छुट बिलहरु पेश | | | २४१०६९.६८ | |
| | | | ६ | २०७५/७६ | ५७ | दोधारा सामुदायिक अध्ययन केन्द्र बढी भुक्तानी | | कार्यसम्पन्न बिल,रनिङ बिल र छुट बिलहरु पेश | | | २००६८८.० | |
| | | | ७ | २०७५/७६ | ५७ | सामुदायिक सिकाई भवन नि.उ.स वडा न ४ लाई बढी भुक्तानी | | कार्यसम्पन्न बिल,रनिङ बिल र छुट बिलहरु पेश | | | ५६८२५.४४ | |
| | | | ८ | २०७५/७६ | ९८ | अम्बिका मा.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | १३४०८१.० | |
| | | | ९ | २०७५/७६ | ९८ | ओमकार आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | १९७९२.० | |
| | | | १० | २०७५/७६ | ९८ | श्रृजना आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ९७९७.० | |
| | | | ११ | २०७५/७६ | ९८ | कमलशा आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ७९७६.० | |
| | | | १२ | २०७५/७६ | ९८ | जनज्योति आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ५०२४४.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३ | २०७५/७६ | ९८ | महाकालि आदर्श मा.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ८८४३.० | |
| | | | १४ | २०७५/७६ | ९८ | शारदा सरस्वति मा.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | १४०९४३.० | |
| | | | १५ | २०७५/७६ | ९८ | पुर्णाआ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ५७५९.० | |
| | | | १६ | २०७५/७६ | ९८ | शंकर पार्वति आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | २२४८२२.० | |
| | | | १७ | २०७५/७६ | ९८ | पशुपति आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ८३६३.० | |
| | | | १८ | २०७५/७६ | ९८ | गणेश आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | १०५९६.० | |
| | | | १९ | २०७५/७६ | ९८ | लक्ष्मी आ.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | ७०१०८.० | |
| | | | २० | २०७५/७६ | ९८ | भानु मा.वि विद्यार्थि भर्ना पाठ्यपुस्तक खरिद र वितरणको आधार पेश हुनुपर्ने | | पाठ्यपुस्तक खरिद बिल र वितरण भर्पाई पेश | | | १०७१२३.० | |
| | | | २१ | २०७६/७७ | ७४ | न पा भवन निर्माणका लागि अनक जे.भि. जोशी मोबिलाईजेशन पेश्की | | | | पेश्की फछ्यौंट | ८००००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २२ | २०७६/७७ | ३४ | कर बिजक नभएको | | कर बिजक प्रमाण पेश | | | १९३६३७.० | |
| | | | २३ | २०७६/७७ | ३४ | जिन्सी दाखिला नभएको | | जिन्सी दाखिला प्रमाण पेश | | | २५२८६६.० | |
| | | | २४ | २०७६/७७ | ३४ | बीर बहादुर बुढाको वडा नं ५ बाटो ग्रेवलिङ कार्यको अन्तिम बिल भुक्तानी | | ल.ई स्विकृत भएको प्रमाण पेश | | | ९९६९७.० | |
| | | | २५ | २०७६/७७ | ३४ | नयन सिंह सुडायुको वाल पेन्टिङको अन्तिम बिल भुक्तानी | | एक तह माथिको स्विकृतिको प्रमाण पेश | | | ७७८८३.० | |
| | | | २६ | २०७६/७७ | ३४ | सामुदायिक विद्यालयमा सेनेटरी प्याड वितरण | | प्रगति प्रतिवेदनको प्रमाण पेश | | | २५१३५८२.० | |
| | | | २७ | २०७६/७७ | ३४ | विद्यालयहरुलाई छात्रवृत्ति वापतको रकम निकासा | | छात्रवृत्तिको वितरण भर्पाई पेश | | | १५८८०००.० | |
| | | | २८ | २०७६/७७ | ३८ | बढी भुक्तानी असुल गर्ने | असुल | | | | १०००००.० | |
| | | | २९ | २०७६/७७ | ४१ | थप मु.अ. कर रकम असुल उपर गर्नु पर्ने | असुल | | | | १६५८६८.० | |
| | | | ३० | २०७६/७७ | ७४ | अंबिका मा.वि पेश्की | | | | पेश्की फछ्र्यौट | ३२०००००.० | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३१ | २०७६/७७ | ७४ | गणेश आ.वि पेश्की | | | | पेश्की फछर्यौट | ९४०००.० | |
| | | | ३२ | २०७६/७७ | ७४ | गणेश आ.वि पेश्की | | | | पेश्की फछर्यौट | १५०६०००.० | |
| | | | ३३ | २०७६/७७ | ७४ | सिर्जना आ.वि पेश्की | | | | पेश्की फछर्यौट | ८३२०००.० | |
| | | | ३४ | २०७६/७७ | ७४ | सिर्जना आ.वि पेश्की | | | | पेश्की फछर्यौट | ७६८०००.० | |
| | | | ३५ | २०७६/७७ | ३२ | ५० प्रतिशत मु.अ.कर | | कर समायोजन प्रमाण पेश | | | २७३१७.० | |
| | | | ३६ | २०७६/७७ | ३२ | ५० प्रतिशत मु.अ.कर | | कर समायोजन प्रमाण पेश | | | २७७६२.० | |
| | | | ३७ | २०७६/७७ | ३२ | ५० प्रतिशत मु.अ.कर | | कर समायोजन प्रमाण पेश | | | २७७४३.० | |
| | | | ३८ | २०७६/७७ | ६२ | ज्ञानेन्द्र बहेक क्षेत्रीको असुल उपर | असुल | | | | १५०८३.० | |
| | | | ३९ | २०७६/७७ | ७४ | ज्ञानेन्द्र बहादुर बहेक | | | | पेश्की फछर्यौट | २०००००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रीको पेश्की | | | | | |
| ४० | २०७६/७७ | ७४ | भक्त बहादुर सुनारको पेश्की | | | | पेश्की फछ्र्यौट | २०००००.० |
| ४१ | २०७६/७७ | ५८ | बढी भुक्तानी | | बढी भुक्तानी नभएको प्रमाण पेश | | | २०२९८९.० |
| | | | | | | | **जम्मा** | २१४९०१७९.१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | अद्यावधिक वेरुजु | |

यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २०४५७५०००.० | २१४९०१७९.१ | ३२६६२९८८.० | 0.00 | २१५७४७८०९ |